# जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN)
# सातौं वार्षिक साधारणसभामा सचिवद्धारा पेश गरिएको प्रतिवेदन

मितिः २०७२/१०/२९

सम्पूर्ण आजीवन, मानार्थ तथा साधारण सदस्य ज्यूहरु ,

संस्थाका अध्यक्ष लगायत सम्पूर्ण कार्यसमितिका पदाधिकारीहरु,

लगायत अन्य आगन्तुक व्यक्तित्वहरु ,

नमस्कार ।

जल तथा ऊर्जा क्षेत्रमा छरिएर काम गरिरहेका परामर्शदाताहरुलाई एउटै छाता भित्र समावेश गर्ने र यस क्षेत्रमा परामर्श क्षेत्रसँग संम्बन्धित अवसरहरु धेरै भन्दा धेरै सृजना गरी देश विकासको अभियानमा समेत पूर्ण रुपमा समर्पित गर्ने उद्धेश्यका साथ २०६६/५/२९ गते जिल्ला प्रशासन कार्यालय काठमाडौंमा विधिवत् रुपमा जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल (WECAN) दर्ता भएको हो । हालसम्म यस संस्थामा ६० संस्था एवं व्यक्तित्वहरु आवद्ध भइसकेका छन् । जसअनुसार २२ वटा संस्थाहरुले आजीवन सदस्यता प्राप्त गरिसकेका छन् र ३८ संस्था एवं व्यक्तित्वहरु साधारण सदस्यको रुपमा आबद्ध हुनुहुन्छ । साथै WECAN द्वारा विभिन्न समयमा WECAN Lifetime Achievement Award बाट सम्मानित हुनु भएका श्री अक्कलमान नकर्मी ज्यू, स्व. श्यामराज प्रधान ज्यू, सुरेन्द्र भक्त माथेमा ज्यू र भोला श्रेष्ठ ज्यूलाई मानार्थ सदस्यता प्रदान गरिएको छ ।

यसै अवधिमा २०७२ साल वैशाख १२ गते गएको विनाशकारी भुकम्पको कारणले ८ हजार भन्दा बढी नेपालीहरुको ज्यान लिनुका साथै विशेष गरी आबास लगायतका भौतिक पूर्वाधारहरुमा व्यापक क्षती हनु गयो । म उक्त भुकम्पमा परी ज्यान गुमाउनुहुने सम्पूर्ण नेपाली आत्माहरुको चीर शान्तिको कामना समेत गर्न चाहन्छु, घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको लागि समेत कामना गर्न चाहन्छु । यसै अवधिमा नेपालको संविधान २०७२ समेत जारी हुन गयो र संविधान जारी भईसकेपछि विशेष गरी तराई आन्दोलनको कारण र एकतर्फी रुपमा गरिएको भारतीय नाकावन्दीले जीवन अत्यन्त कष्टकर बन्न गई यसको नकरात्मक प्रभाव अर्थतन्त्रका हरेक क्षेत्रहरुमा पर्न गएको छ र वैकल्पिक ऊर्जाको क्षेत्रमा काम गर्ने सम्पूर्ण परामर्शदाता कम्पनीहरुलाई समेत यसबाट ठूलो व्यवसायिक क्षती भएको अवस्था छ । विशेष गरी विक्यानभित्र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग काम गर्ने परामर्शदाता संस्थाहरुको समेत उल्लेख्य संख्या रहेको र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र हाल संकटग्रस्त अवस्थामा रहेको कारणले गर्दा समेत यो समिक्षा अवधि परामर्शदाता संस्थाहरु एवं हाम्रो संस्था विक्यानलाई समेत यसबाट प्रतिकुल असर परेको अवस्था हाल विद्यमान छ ।

यस संस्थाको दीर्घकालीन कार्य क्षेत्रको रुपमा जल तथा ऊर्जा क्षेत्रलाई समेटेको भएतापनि विशेष गरी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँग नवीकरणीय उर्जा क्षेत्रमा परामर्शदाता सेवा उपलब्ध गराउँदै आएका परामर्शदाता संस्था एवं व्यक्तित्वहरु यसका सदस्यहरुको रुपमा रहनु भएको छ । परामर्श क्षेत्रमा देखिएका समस्याहरुलाई व्यवस्थित गर्ने र कामका नयाँ अवसरहरुको सृजना गर्ने उद्धेश्यका साथ स्थापना भएको यस संस्थाले आफ्नो स्थापना काल देखि नै केही रचनात्मक कार्यहरु गर्दै आएको छ र आर्थिक वर्ष २०७१/७२ सम्म यस संस्थाले गरेका केही उल्लेखनीय कार्यहरुको संक्षिप्त विवरण यहाँहरु समक्ष प्रस्तुत गर्न चाहन्छु ।

## आर्थिक वर्ष २०७१/७२ मा गरिएका केही गतिविधिहरु

यस संस्थाको छैठौं साधारण सभा २०७१ साल मंसिर २८ गते सम्पन्न भएको थियो र त्यसपछि यस अवधिमा गरिएका केही महत्वपूर्ण गतिविधिहरु यस प्रकार रहेका छन् ।

(१) सिन्धुपाल्चोकको जुरे घटना भए लगत्तै WECAN को तर्फबाट जुरे क्षेत्रको अवलोकन भ्रमण गरी उक्त भ्रमणको आधारमा तयार गरिएको प्रतिवेदन प्रधानमन्त्रीको कार्यालय, गृह मन्त्रालय, ऊर्जा मन्त्रालय, राष्ट्रिय योजना आयोग र मुख्य सचीब श्री लिलामणी पौडेल ज्यूलाई बुझाईएको थियो । विशेष गरी कसरी सिन्धुपाल्चोक जुरे घटनाका पीडितहरुको तत्काल प्रभावकारी राहत एवं पुनःस्थापना गर्न सकिन्छ र दीर्घकालीन विकासलाई कसरी लागू गर्नु सान्दर्भिक हुन्छ भन्ने विषयहरुलाई प्रतिवेदनमा उल्लेख गरिएको ।

(२) भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको नेपाल भ्रमणको पूर्व सन्धयामा विद्युत व्यापार सम्झौतासँग सम्बन्धित विषयमा WECAN को कार्यकारी समितिमा छलफल गरी नेपालको हीतमा हुने गरी मात्र उक्त सम्झौता गर्नुपर्ने ६ बुँदा सहितको सुझाव WECAN को Website बाट सार्वजनिक गरिएको थियो ।

(३) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रबाट परामर्शदाता कम्पनीहरुले गरेको कार्य (विशेष गरी लघु जलविद्युत विस्तृत संभाव्यता अध्ययन) को प्राविधिक मुल्यांकन समितिबाट अनुमोदन गराउनको लागि एवं समयमा नै सम्पूर्ण कार्यको भुक्तानी दिनको लागि दवाव सृजना गरिदै आएको । प्राविधिक मुल्यांकन समितिमा विक्यानको तर्फबाट प्रतिनिधित्व समेत गरिँदै आएको छ ।

(४) NRREP को Mid Term Review Team सँग समग्र नवीकरणीय ऊर्जा क्षेत्रका संभावना र चुनौतीहरुको बारेमा यही November 26, 2014 मा छलफल सम्पन्न भएको छ ।

(५) World Bank ले आयोजना गरेको Scaling up Electricity Access in Nepal through Mini and Micro Hydropower Applications: Technical Consultation Workshop , September 12, 2014 मा सहभागिता ।

(६) RCEMH/NMHDA ले आयोजना गरेको Micro/Mini Hydro Workshop:2014 मा WECAN को तर्फबाट प्रदर्शनी गर्नुको साथै संस्थागत तवरबाट प्राविधिक सहयोग गरिएको ।

(७) नवीकरणीय ऊर्जा समन्वय समितिलाई प्रभावकारी रुपमा संचालन गर्नको लागि WECAN को नेतृत्वमा गठित समितिले विधानको खाका प्रस्तुत गरेको ।

(८) २०७१ साल चैत्र १९ देखि २७ सम्म Micro Hydro Survey/Design Training , AEPC/NRREP को सहयोगमा संचालन गरिएको थियो र यस तालिममा ६० जना इन्जिनियरहरुले लघु जलविद्युत सर्वे र डिजाईन सम्बन्धी तालिम प्राप्त गरेका थिए ।

(९) २०७२ साल वैशाख १२ गते गएको विनासकारी भुकम्पबाट मध्य नेपालका अधिकांश जिल्लाहरुमा व्यापक धनजनको क्षती भएको स्थितिमा विक्यानको पहलमा गोरखा जिल्लाको थुमी गाविसमा यस संस्थाका अध्यक्ष श्री धनबहादुर गुरुङ ज्यूको संयोजकत्वमा राहत सामग्री उपलब्ध गराईएको थियो ।

(१०) WECAN ले नियमित रुपमा बेवसाईट र फेसबुक मार्फत ऊर्जा क्षेत्रका महत्वपूर्ण गतिविधिहरुलाई प्रकाशन गर्दै आएको छ ।

(११) संस्थाले नेपालको लघु जलविद्युत् क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएवापत WECAN Lifetime Achievement Award प्रदान गर्दै आएको छ । जसअन्तर्गत अक्कलमान नकर्मी-२०११, श्यामराजा प्रधान-२०१२ , सुरेन्द्रभक्त माथेमा-२०१३, भोला श्रेष्ठ-२०१४ लाई सम्मानित गरिएकोमा यस बर्ष पनि सम्मान कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

(१२) विक्यानको छैठौं बार्षिक साधारण सभामा Micro ydro DFS को online Portal को बारेमा Interaction Program गरिएको थियो र यस कार्यक्रममा सम्पूर्ण विक्यान सदस्यहरु एवं मान्यता प्राप्त कम्पनीहरुको सहभागिता रहेको थियो ।

(१३) विक्यानको छैठौं बार्षिक साधारण सभामा राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमको सफल कार्यान्वयनको लागि परामर्श क्षेत्रको भूमिका : अवसर र चुनौतीहरु, विषयक कार्यशाला गोष्ठी समेत आयोजना गरिएको थियो ।

(१४) यस बाहेक पनि जल तथा ऊर्जा सँग सम्बन्धित विभिन्न कार्यशाला गोष्ठी, सभा तथा सेमिनारहरुमा रचनात्मक भूमिकासहित उपस्थिति जनाईएको ।

## आर्थिक वर्ष २०७१/७२ पछि हालसम्म गरिएका प्रमुख गतिविधिहरु

(१) नवीकरणीय ऊर्जा समन्वय समितिसँग नियमित रुपमा छलफल तथा अर्न्तकृयाहरु गरी वैकल्पिक ऊर्जा एवं नवीकरणीय ऊर्जा क्षेत्रमा रहेका सम्पूर्ण निजी क्षेत्रका कम्पनीहरुको हक, अधिकार र दायित्व स्पष्ट पार्दै नीतिगत परिवर्तनहरु गर्ने सन्दर्भमा व्यापक पहल गरिएको ।

(२) २०७२ साल मंसीर २१ गतेदेखि २७ गतेसम्म Training on mini/small Hydropower Design Training संचालन गरिएको थियो र उक्त तालिममा २० जना इन्जिनियरहरुले तालिम प्राप्त गरेका थिए ।

(३) यही मिति २०७२ साल पौष २९ गते नेपाल सरकार जनसंख्या तथा वातावरण मन्त्रालयबाट गठित नवीकरणीय ऊर्जाको क्षेत्रमा देखिएका विद्यमान नीतिगत तथा क्षेत्रगत समस्याहरुको पहिचान गरी समाधानका उपायहरु सुझावको रुपमा पेश गर्न बनेको कार्यदलमा विक्यानका तर्फबाट समेत कार्यदलमा सहभागिता रहेको र यस कार्यदलको प्रतिवेदन २०७२ साल माघ २० गते वातावरण मन्त्रालयमा बुझाईसकिको छ । विक्यानको तर्फबाट उक्त कार्यदलको प्रतिवदनमा उल्लेख गरिएका विषयहरु यस प्रकार रहेका छन् ।

| क्र.स. | समस्याको प्रकृति | सुझाव पेश गरिएको समाधान |
|---|---|---|
| १ | इसाप र आरईडिपी कार्यक्रम लागू भएको बेलामा सर्वे भई नटुंगिएका लघु जलविद्युत विस्तृत संभाव्यता अध्ययन प्रतिवेदनहरु | १. इसाप र आरईडिपि को पालामा सर्वे गरी प्रतिवेदन सम्बन्धित क्षेत्रीय सेवा केन्द्र वा केन्द्रमा बुझाई प्राविधिक मुल्यांकन समितिबाट समेत पास भईसकेका प्रतिवदेनहरुको सम्बन्धित परामर्शदाता कम्पनीले निवेदनका साथ भ्याट विल पेश गरेपछि एक हप्ता भित्रमा पूर्ण भुक्तानी प्रवाह गर्ने व्यवस्था मिलाउन सुझाव पेश गरिएको छ ।<br><br>२. सम्बन्धित क्षेत्रीय सेवा केन्द्र वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा प्रतिवेदन बुझाईसकेपछि पनि उपभोक्ता समिति अनिच्छुक भई वा अन्य कारणले प्राविधिक मुल्यांकन समितिबाट अनुमोदन नभएका प्रतिवेदनहरु वैकल्पिक ऊर्जाको सम्बन्धित ईकाईले एक महिना भित्र प्राविधिक अनुमोदन गरी सम्बन्धित कम्पनीलाई अनुमोदन भएको एक हप्ता भित्रमा नै पूर्ण भुक्तानी दिने व्यवस्था मिलाउन सुझाव पेश गरिएको छ ।<br><br>३. उपभोक्ता ईच्छुक हुँदा हुँदै पनि परामर्शदाता कम्पनीको कारणले गर्दा प्रतिवदेन ढिला हुन गएको भए सुधार सहित एक महिना भित्रमा प्रतिवेदन वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पेश गर्ने र केन्द्रले प्रतिवेदन पेश गरेको १५ दिन भित्रमा प्रतिवेदन अनुमोदन गरी पूर्ण भुक्तानी दिने व्यवस्था मिलाउन सुझाव पेश गरिएको छ । |
| २ | NRREP कार्यक्रम लागू भए पश्चात प्राविधिक मुल्यांकन समितिबाट अनुमोदन भएका प्रतिवेदनहरु | NRREP कार्यक्रम कार्यान्वयनमा आईसकेपछि सर्वे भएर प्राविधिक मुल्यांकन समितिबाट समेत अनुमोदन भएका प्रतिवेदनहरुको पूर्ण वा आंशिक रकम भुक्तानी सम्वन्धित कम्पनीले भुक्तानीको लागि दिएको निवेदन र भ्याटविल पेश भईसकेपछि एक हप्ता भित्रमा दिने व्यवस्था गर्न सुझाव पेश गरिएको छ । |

| | | |
|---|---|---|
| ३ | NRREP कार्यक्रम लागू भए पश्चात प्रतिवेदन पेश भएका तर प्राविधिक मुल्यांकन समितिमा पेश नभएका प्रतिवेदनहरु | १.NRREP कार्यक्रम कार्यान्वयनमा आईसकेपछि सर्वे भएर वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमा पेश भएका प्रतिवेदनहरु १५ दिन भित्रमा प्राविधिक मुल्यांकन समितिबाट अनुमोदन गर्नको लागि सुझाव पेश गरिएको छ र अनुमोदन भएको एक हप्ता भित्रमा सम्बन्धित कामको पूर्ण भुक्तानी गर्न समेत सुझाव पेश गरिएको छ ।<br><br>२. सम्बन्धित परामर्शदाता कम्पनीले बुझाउन बाँकी भएका प्रतिवेदनहरु एक महिना भित्रमा बुझाउने र त्यसको १५ दिन भित्रमा प्राविधिक मुल्यांकन समितिमा प्रतिवेदन अनुमोदनको लागि पेश गरी प्रतिवेदन अनुमोदन भएको एक हप्ता भित्रमा भुक्तानी दिनको लागि सुझाव पेश गरिएको छ ।<br><br>३. क्षेत्रीय सेवा केन्द्र, केन्द्र वा जिविसमा अल्झिएका प्रतिवेदनहरु एक महिनाभित्र प्राविधिक अनुमोदन गरि सम्बन्धित परामर्शदाता कम्पनीलाई प्रतिवेदन अनुमोदन भएको एक हप्ता भित्रमा भुक्तानी दिने व्यवस्था मिलाउन सुझाव पेश गरिएको छ । |
| ४ | परामर्शदाता कम्पनी छनौट भई सर्वे सम्पन्न भएका तर विविध कारणले अनुपयुक्त भएका लघु जलविद्युतहरुको भुक्तानी सम्बन्धमा | सर्वे गर्न तोकिएको स्थानमा पानीको अप्रयाप्तता, पानी वा जग्गाको विवाद वा प्रयाप्त हेड नपुगी आवश्यकता अनुसारको विद्युत उत्पादन नहुने स्थिति भई विस्तृत संभाव्यता अध्ययन अगाडि नबढ्ने स्थिति भएको अवस्थामा सर्वे प्रतिवेदनको आधारमा पूर्ण भुक्तानी दिने व्यवस्था गर्न सुझाव पेश गरिएको छ । |
| ५ | नयाँ विस्तृत संभाव्यता अध्ययन गराउने सन्दर्भमा | हाल परामर्शदाता कम्पनीले काम सम्पन्न गरेका कामहरुको भुक्तानी फरफारक गर्ने, नवीकरणीय अनुदान ऊर्जा परिचालन कार्यविधि २०७० परिमार्जन गरी विस्तृत संभाव्यता अध्ययन र अनुगमनलाई अलग अलग कामको रुपमा विकास गरी नयाँ विस्तृत संभाव्यता अध्ययनको कार्य अगाडि बढाउनको लागि सुझाव पेश गरिएको छ । बजेटको उपलब्धताको आधारमा मात्रै यस्ता कार्यक्रमहरु अगाडि बढाउन सुझाव पेश गरिएको छ । |
| ६ | नीतिगत परिमार्जन सम्बन्धमा | अनुदान नीति र अनुदान परिचालन कार्यविधि सवै सरोकारवाला संस्थाहरुको अपनत्वमा कार्यान्वयन गर्ने र गाईडलाईन, निर्देशिका फर्म तथा फर्म्याटहरुलाइ लाई समेत एक महिना भित्रमा परिमार्जन गरी अत्यन्त सरल कागजी प्रकृयाको आधारमा सेवा प्रवाह हुने व्यवस्था गर्न सुझाव पेश गरिएको छ । |
| ७ | दण्ड तथा जरिवानाको सन्दर्भमा | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले सम्बन्धित आयोजनाहरुको प्राविधिक मुल्यांकन समितिबाट अनुमोदन नभईकन कुनै पनि विस्तृत संभाव्यता अध्ययनको अध्ययन चक्र समाप्त नहुने, राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम लागू भए पश्चात शुरुको लटमा नै विस्तृत संभाव्यता अध्ययन भएका आयोजनाहरुको प्रतिवेदनको ई कपी ई पोर्टलमा राख्नुपर्ने भनिएको भएतापनि ई पोर्टल बनाउन समय लागि ई पोर्टलमा ढिला प्रतिवेदन बुझाईएका र वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र वा क्षेत्रीय सेवा केन्द्रको कारणले गर्दा ढिला भएका विस्तृत संभाव्यता अध्ययनहरुको कुनै पनि जरिवाना विना प्रतिवेदन पेश भएको एक हप्ता भित्रमा पहिलो किस्ता र प्रतिवेदन अनुमोदन भएको एक हप्ताभित्रमा अनुदान बाट प्राप्त गरिने रकम सिधै कम्पनीको खातामा जाने व्यवस्था मिलाउन सुझाव पेश गरिएको छ । |
| ८ | स साना कागजहरुको कारणले भुक्तानी रोकिएको अवस्था | ससाना कागजी प्रकृयाको कारणले गर्दा भुक्तानी रोकिएको अवस्थामा मापदण्ड अनुसार विस्तृत संभाव्यत अध्ययन सम्पन्न भएका, सम्पन्न भई अनुमोदन भएका प्रतिवेदनहरुको भुक्तानी वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र वा क्षेत्रीय सेवा केन्द्र वा सम्बन्धित उपभोक्ता समितिको सुझावको आधारमा दिने व्यवस्था मिलाउनको लागि प्रस्ताव गरिएको छ । |

## संभावना एवं चुनौतीहरु

जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल विशेष गरी नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका युवा परामर्शदाता संस्थाहरुको विशष पहलमा स्थापना गरिएको संस्था भएकोले पक्कै पनि यस क्षेत्रमा केही संभावनाहरु रहेका छन् । यस संस्था सामू निम्न संभावनाहरु रहेका छन् ।

## संभावनाहरु

(क) जल तथा ऊर्जा क्षेत्रमा काम गरिरहेका संस्थाहरुको संगठित निजी क्षेत्रको संस्था भएको, देश हाल ऊर्जा संकटको अवस्थामा सेत रहेको रहेको र विशेष गरी ऊर्जा क्षेत्र राष्ट्रिय प्राथमिकताको समेत क्षेत्र भएकोले नवीकरणीय ऊर्जा र जलविद्युतसँग सम्बन्धित परामर्श सेवाको हकमा देश तथा विदेशमा पनि व्यवसाय प्रवर्द्धन गर्न परामर्शदाता संस्थाहरुलाई नीतिगत एवं समन्वयात्मक भूमिका खेल्न सकिने देखिन्छ ।

(ख) परामर्शदाता संस्थाहरुको क्षमता अभिवृद्धि गर्नको लागि विभिन्न विषयहरुमा राष्ट्रिय एवं अर्न्तराष्ट्रिय स्तरका तालिमहरु संचालन गरि परामर्शदाताहरुलाई दक्ष जनशक्तिको प्रवर्द्धन एवं प्रविधिको हस्तान्तरणको लागि समेत WECAN ले प्रभावकारी भूमिका निर्वाह गर्न सक्ने देखिन्छ ।

(ग) जल तथा ऊर्जासँग सम्वन्धित विषयहरुमा बन्ने नीति, नियम,निर्देशिका, मापदण्ड आदि निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गर्न सकिने देखिन्छ ।

(घ) WECAN ले सन् २०११ बाट WECAN Lifetime Achievement Award प्रदान गर्दै आएको छ र यसको निरन्तरताले निजी क्षेत्रमा काम गरिरहेका क्षमतावान व्यक्तित्व र संस्थाहरुलाई सम्मान दिने संस्थाको रुपमा यसलाई स्थापित गर्न सकिन्छ ।

## चुनौतीहरु

WECAN का अगाडि संभावना सँगसँगै चुनौतीहरु समेत उल्लेख्य रुपमा रहेका छन् । केही चुनौतीहरुलाई यहाँ उल्लेख गरिएको छ ।

(क) नेपालको नवीकरणीय ऊर्जा क्षेत्र वर्तमानमा संकटमा रहेको स्थिति छ । ठूलो आर्थिक बजेट तथा अपेक्षा सहित हाल कार्यान्वयनमा रहेको राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रम संकटग्रस्त हुँदा वैकल्पिक नवीकरणीय ऊर्जा क्षेत्र नै संकटमा परिरहेको छ ।

(ख) कुनै पनि परियोजनाको Project Cycle अवधिभर परामर्शदाताले भूमिका निर्वाह गर्ने परिस्थिति सृजना नहुँदा यस क्षेत्रमा कार्यरत परामर्शदाताहरुका अवसरहरु खुम्चँदै गएका छन् ।

(ग) ठूला ठूला परामर्शसेवाका कार्यहरुमा स साना परामर्शदाता कम्पनीहरु जानको लागि स साना परामर्शदाता कम्पनीहरुबाट समेत एकतावद्ध भएर अगाडि बढ्नु आवश्यक छ र यसो हुन सकिरहेको छैन ।

(घ) राज्यको तर्फबाट पनि परामर्शसेवालाई गुणस्तरीय एवं प्रभावकारी बनाउनु आवश्यक छ । स साना परामर्शदाता कम्पनीहरुलाई पनि काम जान सक्ने गरी सोही अनुसारको वातावरण अझै बन्न सकिरहेको छैन ।

## संस्थाको भावी रणनीति एवं प्रस्तावित कार्यक्रमहरु

यस संस्थाको संस्थागत भूमिकालाई प्रभावकारी बनाउनको लागि सदस्य संस्थाहरु एवं यस क्षेत्रमा लागिरहेका संघ, संस्था एवं विज्ञ व्यक्तित्वहरुबाट हामीलाई समय समयमा रचनात्मक सुझावहरु प्राप्त भएका छन् । आगामी आर्थिक बर्षमा गर्ने योजना गरिएका केही योजनाहरु यस प्रकार रहेका छन् ।

(१) साना तथा मझौला जलविद्युत आयोजनाको सर्वे एवं डिजाईन सम्बन्धी तालिम संचालन गर्ने ।

(२) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रसँगको समन्वयमा लघु जलविद्युतको सर्वे तथा डिजाईन तालिम संचालन गर्ने ।

(३) नवीकरणीय ऊर्जा क्षेत्रको दीर्घकालीन विकास गर्नको लागि नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका निजी क्षेत्रमा छाता संस्थाहरु, गैरसरकारी संस्थाहरु र कम्पनीहरुको समन्वयमा नवीकरणीय ऊर्जा महासंघ गठन गर्नको लागि पहल गर्ने।

(४) विशेष गरी ठूला जलविद्युत एवं खानेपानी एवं सिंचाई लगायतका विषयमा सम्बन्धित सरोकारवालाहरुसँग अर्न्तकृयात्मक कार्यशाला गोष्ठी आयोजना गरी परामर्शसेवामा अवसरका क्षेत्रहरु विकास गर्न पहल गर्ने ।

(५) जल तथा ऊर्जा क्षेत्रमा स साना परामर्शदाता संस्थाहरुको समेत अवसरको वृद्धि गर्नको लागि नीतिगत सुधारको लागि सम्बन्धित निकायसँग पहल गर्ने ।

(६) जल तथा ऊर्जा क्षेत्रसँग सम्बन्धित अनुसन्धान र विकासलाई प्रवर्द्धन गर्न भूमिका निर्वाह गर्ने ।

(७) नवीकरणीय ऊर्जा क्षेत्रमा काम गरिरहेका अर्न्तराष्ट्रिय संघ सस्थाहरुसँग समन्वय गरि सेमिनार तथा कार्यक्रम गर्न पहल गर्ने ।

अन्त्यमा भर्खरै प्रस्तुत गरिएका एवं सम्वन्धित अन्य विषयहरुमा तपाईहरुका केही जिज्ञासाहरु भएमा राखिदिनुहुन अनुरोध गर्न चाहन्छु । साथै यस अवधिमा समेत अत्यन्त चुनौतिपूर्ण स्थितिबाट अगाडि बढ्ने क्रममा हामीलाई सहयोग गर्नुहुने सम्पूर्ण सदस्य ज्यूहरुलाई समेत मेरो व्यक्तिगत एवं संस्थाको तर्फबाट समेतहार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

......................

खिमानन्द कँडेल

सचिव

जल तथा ऊर्जा परामर्शदाता संघ नेपाल